# विनयी त्रिवेणी गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) डिजाइन, छनोट, स्वीकृति तथा प्रयोग सम्बन्धी कार्यविधि, २०८३

विनयी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.पू)
गण्डकी प्रदेश, नेपाल

**विनयी त्रिवेणी गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) डिजाइन, छनोट, स्वीकृति तथा प्रयोग सम्बन्धी कार्यविधि, २०८३**

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०२/१२

**प्रस्तावना**

विनयी त्रिवेणी गाउँपालिकाको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक तथा प्राकृतिक पहिचानलाई प्रतिविम्वित गर्ने आधिकारिक प्रतिक चिन्ह (लोगो) को निर्माण, छनोट, स्विकृति, संरक्षण तथा प्रयोगलाई व्यवस्थित, पारदर्शी, प्रतिस्पर्धात्मक तथा कानुनी रूपमा व्यवस्थापन गर्न आवश्यक भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (२) र विनयी त्रिवेणी गाउँपालिकाको कार्यविधि(नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम "विनयी त्रिवेणी गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) डिजाइन, छनोट, स्वीकृति तथा प्रयोग सम्वन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ।

(ख) "गाउँपालिका" भन्नाले विनयी त्रिवेणी गाउँपालिका सम्झनु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले विनयी त्रिवेणी गाउँ कार्यपालिका सम्झनु पर्दछ।

(घ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(च) "प्रतिक चिन्ह (लोगो)" भन्नाले गाउँपालिकाको आधिकारिक दृश्य पहिचान जनाउने चिन्ह, प्रतीक, आकृति, अक्षर, रङ संयोजन वा तिनको समष्टिगत स्वरूप सम्झनु पर्दछ।

(छ) "डिजाइन" भन्नाले लोगोको कलात्मक तथा प्राविधिक स्वरूप सम्झनु पर्दछ।

(ज) "डिजाइनकर्ता" भन्नाले लोगो तयार गर्ने व्यक्ति, फर्म, संस्था वा समूह सम्झनु पर्दछ।

(झ) "समिति" भन्नाले दफा ८ वमोजिम गठित मूल्याङ्कन तथा छनोट समिति सम्झनु पर्दछ।

## परिच्छेद–२

## लोगोको उद्देश्य, सिद्धान्त र मापदण्ड

**३. लोगोको उद्देश्य**

लोगोको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकाको संस्थागत पहिचान स्थापित गर्नु,

(ख) स्थानीय इतिहास, संस्कृति, धार्मिक महत्व तथा प्राकृतिक सम्पदाको प्रतिनिधित्व गर्नु,

(ग) गाउँपालिकाको आधिकारिक दस्तावेज तथा सञ्चार सामग्रीमा एकरूपता कायम गर्नु,

(घ) स्थानीय गौरव, स्वामित्व र अपनत्वको भावना अभिवृद्धि गर्नु।

**४. लोगो निर्माणका आधारभूत सिद्धान्त**

लोगो निर्माण गर्दा देहायका सिद्धान्तहरू अवलम्बन गरिनेछः

(क) मौलिकता,

(ख) स्थानीय पहिचानको प्रतिनिधित्व,

(ग) समावेशिता,

(घ) कलात्मक उत्कृष्टता,

(ङ) प्रयोगमैत्रीता,

(च) दीर्घकालीन उपयोगिता।

**५. लोगोमा समेट्न सकिने विषयवस्तु**

लोगोमा आवश्यकता र सान्दर्भिकताका आधारमा देहायका विषय समावेश गर्न सकिनेछः

(क) त्रिवेणी धार्मिक क्षेत्रको महत्व,

(ख) विनयी क्षेत्रको ऐतिहासिक तथा सांस्कृतिक पहिचान,

(ग) नदी, वन, जैविक विविधता तथा प्राकृतिक सम्पदा,

(घ) कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य तथा विकासका प्रतीकहरू,

(ङ) स्थानीय कला, संस्कार र सभ्यता।

**६. प्राविधिक मापदण्ड**

(१) लोगो पूर्ण रूपमा मौलिक हुनुपर्नेछ।

(२) लोगोले कुनै व्यक्ति, संस्था वा व्यवसायको प्रतिलिपि वा नक्कल गरेको हुनुहुँदैन।

(३) लोगो रंगीन तथा श्वेत–श्याम दुवै स्वरूपमा स्पष्ट देखिने हुनुपर्नेछ।

(४) लोगो डिजिटल तथा मुद्रण माध्यममा समान रूपमा प्रयोग गर्न सकिने हुनुपर्नेछ।

(५) लोगोको डिजाइनसँगै त्यसको अवधारणा तथा व्याख्या अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

## परिच्छेद–३
## लोगो डिजाइन आहान तथा छनोट

**७. लोगो डिजाइन आहान**

(१) गाउँपालिकाले आवश्यकता अनुसार खुला प्रतिस्पर्धात्मक प्रक्रिया मार्फत लोगो डिजाइन आह्वान गर्नेछ।

(२) सूचना राष्ट्रिय वा स्थानीय पत्रपत्रिका, गाउँपालिकाको वेबसाइट, सूचना पाटी तथा सामाजिक सञ्जालमार्फत प्रकाशन गर्न सकिनेछ।

(३) सूचनामा देहायका विषयहरू उल्लेख गरिनेछः

(क) उद्देश्य,

(ख) योग्यता,

(ग) पेश गर्ने अन्तिम मिति,

(घ) आवश्यक कागजात,

(ङ) पुरस्कार रकम,

(च) मूल्याङ्कनका आधारहरू।

**८. मूल्याङ्कन तथा छनोट समिति**

(१) लोगोको मूल्याङ्कन तथा छनोटका लागि देहाय बमोजिम समिति गठन गरिनेछः

प्रमुख प्रशासकीय अधिकृत - संयोजक

पूर्वाधार शाखा प्रमुख -सदस्य

आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

प्रशासन शाखा प्रमुख - सदस्य

सूचना प्रविधि अधिकृत - सदस्य-सचिव

(२) समितिले आवश्यक ठानेमा विषय विज्ञलाई आमन्त्रित सदस्यका रूपमा बोलाउन सक्नेछ।

**९. समितिको काम, कर्तव्य र अधिकार**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्राप्त डिजाइनहरूको परीक्षण तथा मूल्याङ्कन गर्ने,

(ख) आवश्यक परे डिजाइनकर्तासँग प्रस्तुतीकरण गराउने,

(ग) उत्कृष्ट डिजाइनहरूको सूची तयार गर्ने,

(घ) अन्तिम स्वीकृतिका लागि कार्यपालिकामा सिफारिस गर्ने,

(ङ) आवश्यक सुझाव तथा सुधार प्रस्ताव गर्ने।

**१०. मूल्याङ्कनका आधार**

समितिले देहाय बमोजिम अंकभारका आधारमा मूल्याङ्कन गर्नेछः

| क्र.सं. | मूल्याङ्कनको आधार | पूर्णाङ्क |
|---|---|---|
| १ | मौलिकता तथा सिर्जनशीलता | २५ |
| २ | स्थानीय पहिचानको प्रतिनिधित्व | २५ |
| ३ | कलात्मक सौन्दर्य | १५ |
| ४ | प्रयोगयोग्यता तथा स्पष्टता | १५ |
| ५ | प्रतीकात्मक अर्थ र सान्दर्भिकता | १० |
| ६ | प्राविधिक गुणस्तर | १० |
| जम्मा | | १०० |

**११. अन्तिम छनौट**

(१) समितिले उत्कृष्ट तीन डिजाइन कार्यपालिकामा सिफारिस गर्नेछ।

(२) कार्यपालिकाले आवश्यक छलफल तथा सुझावका आधारमा कुनै एक लोगो स्वीकृत गर्नेछ।

(३) कार्यपालिकाले आवश्यक ठानेमा कुनै पनि लोगो पुनः परिमार्जन गर्न वा पुनः प्रतिस्पर्धा आह्वान गर्न सक्नेछ।

## परिच्छेद—४
## पुरस्कार तथा बौद्धिक सम्पत्ति अधिकार

**१२. पुरस्कार**

(१) स्वीकृत लोगोका डिजाइनकर्तालाई कार्यपालिकाले निर्धारण गरेको पुरस्कार उपलब्ध गराइनेछ।

(२) पुरस्कारको रकम गाउँपालिकाको वार्षिक कार्यक्रम तथा वजेटबाट व्यहोर्ने व्यवस्था गरिनेछ।

**१३. बौद्धिक सम्पत्ति अधिकार**

(१) स्वीकृत लोगोको सम्पूर्ण स्वामित्व गाउँपालिकामा रहनेछ।

(२) लोगो स्वीकृत भई पुरस्कार ग्रहण गरेपछि डिजाइनकर्ताले उक्त लोगोमाथि कुनै थप आर्थिक, कानुनी वा व्यावसायिक दावी गर्न पाउने छैन।

(३) गाउँपालिकाले लोगोको प्रयोग, प्रकाशन, परिमार्जन तथा पुनःउत्पादन गर्न सक्नेछ।

(४) लोगोको प्रतिलिपि अधिकार (Copyright) तथा अन्य बौद्धिक सम्पत्ति अधिकार सम्बन्धी विषय प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद–५
## लोगोको प्रयोग तथा संरक्षण

**१४. आधिकारिक प्रयोग**

स्वीकृत लोगो देहायका प्रयोजनका लागि प्रयोग गरिनेछः

(क) आधिकारिक पत्राचार,

(ख) छाप, लेटरप्याड, परिचयपत्र,

(ग) वेबसाइट, मोबाइल एप तथा विद्युतीय माध्यम,

(घ) भवन, सवारी साधन तथा सूचना पाटी,

(ङ) प्रकाशन, प्रतिवेदन, स्मारिका तथा प्रचार सामग्री,

(च) गाउँपालिकाले तोकेका अन्य प्रयोजन।

**१५. प्रयोगमा बन्देज**

देहायका कार्यमा लोगो प्रयोग गर्न पाइने छैनः

(क) व्यक्तिगत वा निजी व्यापारिक प्रयोजनमा,

(ख) राजनीतिक प्रचारप्रसारमा,

(ग) लोगोको स्वरूप विकृत हुने गरी,

(घ) गाउँपालिकाको प्रतिष्ठामा प्रतिकूल असर पर्ने प्रयोजनमा।

**१६. अनुमति सम्बन्धी व्यवस्था**

(१) कुनै संस्था वा व्यक्तिले लोगो प्रयोग गर्न चाहेमा गाउँपालिकाको पूर्वलिखित स्वीकृति लिनुपर्नेछ।

(२) अनुमति दिने वा नदिने अधिकार प्रमुख प्रशासकीय अधिकृतमा रहनेछ।

## परिच्छेद–६
## अनुगमन, नियन्त्रण तथा कारबाही

**१७. अनुगमन**

लोगोको सही प्रयोग भए/नभएको सम्बन्धमा प्रशासन शाखाले नियमित अनुगमन गर्नेछ।

**१८. कारबाही**

(१) अनधिकृत रूपमा लोगो प्रयोग भएको पाइएमा प्रयोग रोक्न लिखित निर्देशन दिइनेछ।

(२) निर्देशनको अवज्ञा गरेमा प्रचलित कानून बमोजिम कारबाही प्रक्रिया अघि बढाइनेछ।

(३) आवश्यक परे गाउँपालिकाले क्षतिपूर्ति दावी समेत गर्न सक्नेछ।

## परिच्छेद–७
## विविध

**१९. अभिलेख व्यवस्थापन**

स्वीकृत लोगो, त्यसको मूल डिजाइन, डिजिटल फाइल तथा सम्वन्धित कागजातहरूको सुरक्षित अभिलेख प्रशासन शाखाले राख्नेछ।

**२०. बाधा अड्काउ फुकाउने अधिकार**

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**२१. संशोधन**

यस कार्यविधिमा आवश्यक संशोधन गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

**२२. बचाउ**

यस कार्यविधिमा उल्लेख भएका विषयमा प्रचलित संघीय तथा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

## अनुसूची–१
## लोगो डिजाइन पेश गर्दा संलग्न गर्नुपर्ने कागजात

१. आवेदन पत्र।
२. नेपाली नागरिकताको प्रतिलिपि वा संस्थाको दर्ता प्रमाणपत्र।
३. लोगोको रंगीन तथा श्वेत–श्याम प्रति।
४. लोगोको अवधारणा तथा व्याख्या।
५. सम्पादनयोग्य डिजिटल फाइल।
६. मौलिकता सम्बन्धी स्वघोषणा पत्र।
७. सम्पर्क विवरण।

## अनुसूची–२
## लोगो मूल्याङ्कन फाराम

(कार्यालय प्रयोजनका लागि)

- डिजाइन कोड नं.: ............
- मूल्याङ्कन मितिः ............
- मूल्याङ्कनकर्ताः ............

| आधार | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|
| मौलिकता | २५ | |
| स्थानीय पहिचान | २५ | |
| कलात्मकता | १५ | |
| प्रयोगयोग्यता | १५ | |
| सान्दर्भिकता | १० | |
| प्राविधिक गुणस्तर | १० | |
| जम्मा | १०० | |

मूल्याङ्कनकर्ताको हस्ताक्षरः ___________

अनुसूची–३

मौलिकता सम्वन्धी स्वघोषणा पत्र

म/हामी ........................................................ ले विनयी त्रिवेणी गाउँपालिकामा पेश गरेको लोगो डिजाइन पूर्ण रूपमा मौलिक रहेको, अन्य कुनै व्यक्ति वा संस्थाको प्रतिलिपि नभएको तथा यसवाट उत्पन्न हुने कुनै कानुनी विवादको सम्पूर्ण जिम्मेवारी स्वयं वहन गर्ने व्यहोरा स्वघोषणा गर्दछु/गर्दछौं।

नामः ...........................

ठेगानाः ..........................

हस्ताक्षरः .....................

मितिः ............................

मिति २०८३/०२/१२ गते वसेको गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको यो कार्यविधि प्रमाणीकरण गर्दछु।

.........................

घनश्याम गिरी

अध्यक्ष

मिति २०८३/०२/१२